# टेम्केमैयुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर

कोशी प्रदेश, नेपाल

Website: www.tyamkemaiyummun.gov.np

Email: temkemunbhp@gmail.com

## कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

### (प्रथम पटक प्रकाशित मिति २०८२/०२/१६)

टेम्केमैयुङ गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५, तथा टेम्केमैयुङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०१/२५ गतेको निर्णयानुसार यस गाउँपालिकामा देहायका सेवा, संख्या र योग्यता भएका जनशक्ति करार सेवामा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको २ बजे सम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।म्याद नागी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

**तपशील**

| क्र.सं | विज्ञापन नम्बर | पद | तह | संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | २/२०८१/०८२ | कार्यालय सहयोगी | श्रेणि विहिन | ८ | ३००/- |

**१ न्यूनतम शैक्षिक यौग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा SEE वा SLC उतीर्ण भएको हुनु पर्ने छ।

**२ दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको ब्यक्तिगत बिवरण, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साईजको २ प्रति फोटो, र बैंक भौचर संलग्न हुनुपर्ने छ ।

**३. उमेरः** १८ बर्ष पूरा भै ३५ बर्ष ननाघेको हुनु पर्ने छ साथै महिलाको हकमा १८ बर्ष भै ४० बर्ष ननाघेको हुनु पर्ने छ ।

**४ परिक्षाको किसिमः** मौखीक परिक्षा

**५ दरखास्त दस्तुर बुझाउनेः** टेम्केमैयुङ गाउँपालिकाको अन्नपूर्णमा रहेको माछापुच्छे बैंकमा रहेको ग १.१ आन्तरिक राजश्व खाता नं.०८८००६७५७५५०००३१ मा जम्मा गरि सक्कलै भौचर दरखास्त साथ संलग्न गर्नु पर्नेछ।

६. **दरखास्त फारम पाईने स्थानः–** गाउँपालिकाको कार्यालय वा www.tyamkemaiyummun.gov.np बाट download गर्न सकिने छ ।

७. **दरखास्त बुझाउने स्थानः–** कार्यालय समयमा गाउँ कार्यपालिकाको कार्यालयमा वा **Email: recruitment.temkemunbhp@gmail.com** बाट समेत बुझाउन सकिनेछ ।

८ **करार सेवा अवधिः–**२०८२ असार मसान्त सम्म, सो पश्चात गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

९. **सेवा सुविधा–** गाउँपालिकाले तोके बमोजिम हुने छ ।

१० **दरखास्त दिने अन्तिम मिति** :- २०८२/०२/३०

**नोट–** विस्तृत जानकारीको लागि Official website:www.tyamkemaiyummun.gov.np & facebookPage बाट समेत हेर्न सकिने छ। सूचना प्रबिधि शाखा ९८५२०५२९९५

प्रमुख प्रशासकीय अधिकृत